कोहलपुर नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

कोहलपुर, बाँके

Google Plus Code

5MXQ+5CJ Kohalpur

लुम्बिनी प्रदेश, नेपाल

प:.सं. २०८१/०८२ (शिक्षा तथा खेलकुद शाखा)

च:.नं. ४४२

मिति : २०८१/१२/२६

**विषय: नतिजा प्रकाशन सम्बन्धमा।**

श्री आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा सञ्चालन भएका सबै विद्यालयहरू।

कोहलपुर - बाँके।

प्रस्तुत विषयमा आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षा सञ्चालन समितिको मिति २०८१/१२/२६ गते बसेको बैठकको निर्णय बमोजिम मिति २०८१/१२/०५ गतेदेखि १२ गतेसम्म सञ्चालित आधारभूत तह (कक्षा-८) उत्तीर्ण परीक्षाको नतिजा प्रकाशन गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि अनुरोध छ। साथै विद्यालयहरुले नतिजा प्रकाशनको लागि तपसिल बमोजिम अनलाइन प्रणाली मार्फत नतिजा प्राप्त गरी प्रकाशन गर्न गराउनु हुन अनुरोध छ। उक्त नतिजा उपर चित्त नबुझी पुनर्योग गर्न चाहने परीक्षार्थीले प्रति विषय रु. १००/- को दस्तुर बुझाई मिति २०८२/०१/०५ गतेभित्र शाखामा निवेदन पेश गर्न सकिनेछ।

१- emis.cehrd.gov.np मा गएर विद्यालयको Username र Password राखेर IEMIS लाई Log in गर्ने।

२- Manage exam गएर Click गर्ने।

३- Gradewise Ledger मा Click गर्ने।

४- Year मा 2081 छनौट गर्ने।

५- Select class मा कक्षा ८ छनौट गर्ने।

६- Load मा Click गर्ने र Print गर्ने।

साथै परीक्षा समितिको निर्णय अनुसार बढीमा कुनै २ विषयमा Non Graded (NG) भएका परीक्षार्थीहरुका लागि ग्रेडवृद्धि परीक्षा संचालन हुने भएकाले सम्बन्धित विद्यालयले सिम्बोल नं. सहित ग्रेडवृद्धि परीक्षा फाराम तयार गरी मिति २०८२/०१/०७ गतेभित्र शाखामा बुझाउन हुन अनुरोध छ। ग्रेडवृद्धि परीक्षाको लागि प्रति विषय रु. २५०/- का दरले परीक्षा दस्तुर लाग्नेछ। ग्रेड वृद्धि परीक्षा मिति २०८२/०१/१२ गतेदेखि १७ गतेसम्म बिहान ८:०० बजेदेखि संचालन गरिनेछ। साथै परीक्षाको समयतालिका, परीक्षा केन्द्र, सहभागी हुने विद्यार्थी संख्या र विषयको आधारमा पछि जानकारी गराइनेछ।

२०८१/१२/२६

रामबहादुर हमाल

शाखा प्रमुख/उपसचिव

रामबहादुर हमाल
उप सचिव

बोधार्थः

श्री सूचना प्रविधि उपशाखा, सूचना website मा अपलोड गर्नुहुन।